# ६ महिनामा भएका केही प्रमुख काम र भावी योजना

**बुद्धि सागर सुवेदी**
अध्यक्ष, गैर आवासीय नेपाली सङ्घ, अमेरिका

# १. कार्यसमिति र विभागहरुलाई पूर्णता दिने काम

क)  पहिलो बैठकबाटै प्रवक्ता नियुक्त गरी कार्यसमितिलाई पूर्णता दिइयो ।

ख)  ६ महिना बिचमा करिब ५० प्रतिशत टाक्सफोर्स गठन भएका छन् ।

– टाक्सफोर्समा महिला, आपांगता भएका व्यक्ति, विभिन्न जात सम्प्रदाय र समुदायका व्यक्तिहरु, विभिन्न क्षेत्रका विषय विज्ञहरु, एनआरएनए अमेरिकाको अभियानमा जोडिनु भएका ब्यक्तिहरु लाई समेट्न प्रयास भएको छ ।

– टाक्सफोर्समा बोर्ड अफ डाइरेक्टरहरुलाई हामीले प्राथमिकतामा राखेका छौँ ।

# १. कार्यसमिति र विभागहरुलाई पूर्णता दिने काम

– केही  टाक्सफोर्सहरुलाई अझ स्पेसिफिक बनाएर जानु पर्ने भएको छ ।

एनआरएनए अमेरिकाका केही टास्कफोर्सबाट उल्लेखनिय र उदारहणिय काम  भएको छ । हाम्रो साइन्स,  टेक्नोलोली एण्ड इनोभेशन टाक्सफोर्र्सले आइसीसीलाई नै बाटो देखाइदिएको छ । त्यस्तै नेपाली पाठशाला टास्कफोर्र्सले पनि उदाहरणिय काम गरेको छ । पाठशाला  टास्क फोर्र्सले तयार गरेको नेपाली पाठ्यक्रमको माग विभिन्न देशवाट भइरहेको छ । हिजो मात्र जर्मनबाट नेपाली पठशालका चियर भोज वहादुर बलायरलाई पुस्तक प्रयोगका लागि अनुमति माग भएर पत्र आएको छ । बलायर जी नेपाली पाठ्य पुस्तक तयार गर्ने ब्यक्ति पनि  हुनुहुन्छ । यो हाम्रा लागि गर्वको कुरा हो ।

# १. कार्यसमिति र विभागहरुलाई पूर्णता दिने काम


– अबको दुई महिना भित्र अधिकांश टाक्सफोर्सबाट कुनै न कुनै रूपमा  कार्यक्रम र गतिविधि हुने छन् ।

– पहिलाका टाक्सफोर्सहरुले अगाडि बढाएका र पुरा हुन नसकेका कतिपय कार्यक्रमलाई निरन्तरता दिने र यस पटक सम्पन्न गर्ने लक्ष रहेको छ । जसमा वान एनसीसी, वान च्यारेटी पनि पर्छ । वरिष्ठ उपाध्यक्ष कृष्ण जीवी पन्त जीले यो टास्कफोर्सको दोस्रो पटक नेतृत्व लिनु भएको छ । जाजरकोटमा मिनी प्रसूति गृह निर्माणमा सहयोग गर्ने कार्यक्रममा एनआरएनए अमेरिका जोडिएको छ ।  यस पटक जसरी पनि पुरा गर्नु हुने छ भन्ने विश्वास लिएका छौँ । सिङ्गो कार्यसमिति तपाईसँग आसावादी छ ।

# केही टाक्सफोर्सहरुलाई अझ स्पेसिफिक बनाएर जानु पर्ने भएको छ ।

**– अबको दुई महिना भित्र अधिकांश टाक्सफोर्सबाट कुनै न कुनै रूपमा कार्यक्रम र गतिविधि हुने छन् ।**

**– पहिलाका टाक्सफोर्सहरुले अगाडि बढाएका र पुरा हुन नसकेका कतिपय कार्यक्रमलाई निरन्तरता दिने र यस पटक सम्पन्न गर्ने लक्ष रहेको छ । जसमा वान एनसीसी, वान च्यारेटी पनि पर्छ । वरिष्ठ उपाध्यक्ष कृष्ण जीवी पन्त जीले यो टास्कफोर्सको दोस्रो पटक नेतृत्व लिनु भएको छ । जाजरकोटमा मिनी प्रसूति गृह निर्माणमा सहयोग गर्ने कार्यक्रममा एनआरएनए अमेरिका जोडिएको छ ।  यस पटक जसरी पनि पुरा गर्नु हुने छ भन्ने विश्वास लिएका छौँ । सिङ्गो कार्यसमिति तपाईसँग आसावादी छ ।**


गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् जर्मनी
Non-Resident Nepali Association, Germany e.V
8th Executive Committee (2021 -2023)
https:// nrnagermany.org

मिति : २८/०१/२०२२

श्रीमान भोज राज बलायर ज्यु
संयोजक
नेपाली भाषा पाठशाला कमिटी, अमेरिका

विषय: पुस्तक प्रयोगको अनुमति बारे

महोदय ,
सर्वप्रथमत , तपाईंहरुले विदेशमा हुर्किरहेका बालबालिकाहरुको नेपाली भाषा कक्षा लागि तयार पार्नु भएको उत्कृष्ठ पाठ्य सामग्रीका लागि हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्न चाहन्छौं। अत्यन्त लगन र दक्षताका साथ तयार पारिएको पाठ्य सामग्री जर्मनीमा हुर्किरहेका भावी नेपाली पुस्ता लाई पनि उपयुक्त र महत्वपूर्ण रहेको हामीले पायौं। गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् जर्मनी ले विभिन्न नेपाली समाज र संस्था को स्थानीय परिषद् को माध्यम वाट बालबालिकाहरुका नेपाली भाषा कक्षा को सुरुवात गर्ने जमर्को गर्दै गरेको जानकारी गराउँदछौं।
नेपाली भाषा कक्षा सञ्चालनका लागि यहाँहरुले तयार पार्नु भएको पाठ्य सामग्री जर्मनी प्रयोग का लागि यहाँ हरु वाट अनुमति प्रदान गर्नु भएमा हामी अनुग्रहित हुने थियौं।
भविष्यमा यहाँहरु संग सधैं सिर्जनात्मक तथा अन्य सकारात्मक सामाजिक कार्यहरूमा सहकार्य गर्ने अपेक्षा सहित,

बोधार्थ : गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् अमेरिका

दिनेश गौतम
प्रवक्ता
गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् ,जर्मनी

Mailing Address:
Geschäftsnummer: VR24423B
NRNA Germany e.V .c/o Hari Neupane
Züricher Str. 196, 81476 München

Email: nrnagermany@gmail.com
pantamr@hotmail.com

Non-Resident Nepali Association-Germany e.V.
Bank: Postbank
IBAN: DE98 7001 0080 0647 9268 06
BIC: PBNKDEFF

# २. एनसीसी र च्याप्टर

## क)  ५५ प्रतिशत च्याप्टर सक्रिय

– २९ वटा च्याप्टर मध्ये करिब ५५ प्रतिशतले यस बिचमा आफ्ना गतिविधि सार्वजनिक रूपमा अगाडि बढाउनु भएको पाइएको छ ।

– अव बाकी च्याप्टरहरुलाई पनि आफ्नो च्याप्टर भित्र नेपाल र नेपाली समुदाय सँग जोडिएर काम गर्न, गराउन हामीले प्रेरित गर्छौं ।  कतिपयले गरेका काम एनसीसीको नोटिसमा नआएको , रेकर्ड र रिपोर्टिङ सिस्टम चुस्त नभएको पनि हुनसक्छ ।

# २. एनसीसी र च्याप्टर

## ख)  ६० प्रतिशत च्याप्टरहरुलाई स्टेटमा दर्ता गराउने काम सम्पन्न

– यो अघिल्लो कार्यसमितिले २ वर्षमा गरेको काम भन्दा धेरै हो । छिटै नै सबै च्याप्टरहरु लाई स्टेटमा दर्ता गराउने लक्ष्य रहेको छ । यसमा विशेष गरेर कोषाध्यक्ष राजीव जीले प्रशंसनीय काम गर्नु भएको छ ।

– दर्तासँगै च्याप्टरहरूले ५८ हजार ३ सय डलर प्राप्त गरिसक्नु भएको छ ।

# २. एनसीसी र च्याप्टर

## ग)  आपत् विपतमा सहयोग र रचनात्मक काममा च्याप्टर

– न्यु योर्क, क्यालिफोर्निया, मेरिल्यान्ड, टेक्सस लगायतका केही च्याप्टरहरूले स्थानीय सङ्घ संस्थासँग मिलेर आपत् विपतमा सहयोग गरिरहनु भएको छ । केही रचनात्मक काम र कार्यक्रम पनि गरिरहनु भएको छ ।यो प्रशंसनीय छ । यसमा एनसीसीको पूर्ण सहयोग हुनेछ।कहीँ कमी देखिएको छ भने सुधार गर्न तयार छौँ ।

# २. एनसीसी र च्याप्टर

घ) च्याप्टर अध्यक्षहरु लाई एनसीसीका सबै बैठकमा सहभागी गराइने ।

– च्याप्टरहरुको भूमिकालाई अझ मजबुत बनाउने मेरो घोषित लक्ष अनुरूप नै सबै च्याप्टर अध्यक्षहरूलाई एनसीसीका सबै बैठकमा सहभागी गराउन मैले सचिवालयलाई निर्देशन दिइसकेको छु । आजबाटै यो लागू भइसकेको छ । च्याप्टर लाई गतिशील, सबल र सक्षम बनाउन विधानले दिएका सबै अधिकार प्रत्यायोजन गरिएको छ । गुनासो र माग भन्दा अव काम गरेर देखाउने बेला हो ।

# ३. मानवीय सेवा र नेपाल सहयोग मिसनमा एनआरएनए अमेरिका




**क) ३ करोड रुपैयाँ भन्दा बढीको स्वास्थ्य सामाग्री र उपकरण नेपाललाई सहयोग**

– कोभिड–१९ महामारी विरुद्धको अभियानमा नेपाल र नेपालीका लागि गैर आवासीय नेपाली सङ्घ अमेरिकाले गत अगस्ट २७ तारिक २०२१ मा अमेरिकी सेक्रेटरी अफ डिफेन्स अन्तरगत अमेरिकी सेनाको सहयोगमा सैने जहाजबाट निःशुल्क ढुवानी गराएर नेपाल सरकारलाई सहयोग हस्तान्तरण गरियो । यस अघिका कार्यसमितिले डेन्टोन कार्यक्रम अन्तरगत सहयोग सामाग्री नेपाल पठाउन प्रयास गरेका भए पनि असफल भएको थियो ।

# ३. मानवीय सेवा र नेपाल सहयोग मिसनमा एनआरएनए अमेरिका

## क) ३ करोड रुपैयाँ भन्दा बढीको स्वास्थ्य सामाग्री र उपकरण नेपाललाई सहयोग

– कोभिड– -सेक्रेटरी अफ डिफेन्सले  डेन्टोन कार्यक्रमका लागि भएका पत्राचार र प्रयासलाई अस्वीकृत गरिएको भनी सबै डकुमेन्ट फिर्ता गरेको छ । हामीले  फरक ढङ्गले प्रयास गऱ्यौ । अमेरिकी सेनाको सहयोग कार्यक्रममा जोडिएर नेपालमा सहयोग पठाउन सफलता मिल्यो । कोषाध्यक्ष राजीव श्रेष्ठ जी युटाहा नै पुगेर यो मिसन सफल गर्न खट्नु भयो । यहाँलाई धेरै धेरै धन्यवाद । १९ महामारी विरुद्धको अभियानमा नेपाल र नेपालीका लागि गैर आवासीय नेपाली सङ्घ अमेरिकाले गत अगस्ट २७ तारिक २०२१ मा अमेरिकी सेक्रेटरी अफ डिफेन्स अन्तरगत अमेरिकी सेनाको सहयोगमा सैने जहाजबाट निःशुल्क ढुवानी गराएर नेपाल सरकारलाई सहयोग हस्तान्तरण गरियो । यस अघिका कार्यसमितिले डेन्टोन कार्यक्रम अन्तरगत सहयोग सामाग्री नेपाल पठाउन प्रयास गरेका भए पनि असफल भएको थियो ।

# ३. मानवीय सेवा र नेपाल सहयोग मिसनमा एनआरएनए अमेरिका

## क) ३ करोड रुपैयाँ भन्दा बढीको स्वास्थ्य सामाग्री र उपकरण नेपाललाई सहयोग

- यो सहमतिको आधार तयार गर्न महत्त्वपूर्ण सहयोग गर्नुहुने सेक्रेटरी अफ डिफेन्स अन्तरगतको युटाह नेशनल गार्ड स्टेट पार्टनरसिप कार्यक्रमका निर्देशक मेजर जनरल विलियम के बेइसिन्जर प्रति गैर आवासीय नेपाली सङ्घ अमेरिका परिवार आभारी छौँ । यस कार्यक्रममा जोड्न र सहयोग जुटाउन अथक मेहनत गर्नुहुने अमेरिका स्थित नेपाली दूतावासका होमकान्त भण्डारी, -डाइरेक्ट रिलिफका ड्यानियल होभी, स्मृत कम्वोइ, नेप्लिज एशोसियन अफ ह्युष्टनका अध्यक्ष डा.विष्णु नेपाल, अवकाश प्राप्त अमेरिकी सैनिक अधिकृत श्याम ज्ञवाली, महावाणिज्य दुत रीशी ढकाल, सेवा इन्टनेशनलका अचलेश अमर, स्वदेश कटोच र शिव मिश्र लगायत छोटा समयमा साथ दिएर काम गर्नु हुने सबैलाई धन्यवाद ज्ञापन गर्दछौँ ।

# ३. मानवीय सेवा र नेपाल सहयोग मिसनमा एनआरएनए अमेरिका

**क) ३ करोड रुपैयाँ भन्दा बढीको स्वास्थ्य सामाग्री र उपकरण नेपाललाई सहयोग**

**- यसबाट झन्डै एक करोड रुपैयाँको ढुवानी खर्च जोगियो । भविष्यमा आपतकालिन सहयोग नेपाल पठाउन अमेरिकाको सेक्रेटरी अफ डिफेन्स अन्तरगत अमेरिकी सेनासँग एनआरएनए अमेरिकाको विश्वासिलो सम्बन्ध विकास भएको छ।गैर आवासीय नेपाली सङ्घ अमेरिकाको यो सम्बन्ध नेपाल सरकारले नै गर्व गर्ने विषय हो ।**



# ३. मानवीय सेवा र नेपाल सहयोग मिसनमा एनआरएनए अमेरिका

## ख) नेपालमा शव पठाउन र दाह संस्कारमा सहयोग

- अमेरिकामा विभिन्न कारण ज्यान गुमाउनु भएका ७ जना नेपालीहरूको शव नेपाल पठाउन र यही दाहसंस्कार गर्न गैर आवासीय नेपाली सङ्घ अमेरिकाले सहयोग गरेको छ । केही च्याप्टरले आफ्नै नेतृत्वमा र केही च्याप्टरले स्थानीय सङ्घ संस्था सँग मिलेर सहयोग गर्नु भएको छ ।

- च्याप्टर र एनसीसी मिलेर व्यक्तिगत र संस्थागत रूपमा हामीले ६ महिनाको बिचमा झन्डै १ लाख डलर बराबरको सहयोग गरिसकेका छौँ । यो उद्धार र मानवीय सेवाका लागि खट्नु भएका कार्यसमिति र च्याप्टरका साथीहरू, सहयोग अभियानमा जोडिनु भएका सबै सङ्घ संस्था, अभियन्ता र व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छु ।

# ३. मानवीय सेवा र नेपाल सहयोग मिसनमा एनआरएनए अमेरिका

**ख) नेपालमा शव पठाउन र दाह संस्कारमा सहयोग**

- अमेरिकामा विभिन्न कारण ज्यान गुमाउनु भएका ७ जना नेपालीहरूको शव नेपाल पठाउन र यही दाहसंस्कार गर्न गैर आवासीय नेपाली सङ्घ अमेरिकाले सहयोग गरेको छ । केही च्याप्टरले आफ्नै नेतृत्वमा र केही च्याप्टरले स्थानीय सङ्घ संस्था सँग मिलेर सहयोग गर्नु भएको छ ।



# ४. नेपाल सरकार, नेपाली राजदूतावास र एनआरएनए अमेरिका

## क) एनआरएनए अमेरिका र नेपाली राजदूतावास बिच विषयगत छलफल

– गैर आवासीय नेपालीका धेरै विषयमा नेपाली राजदूतावास सँग हामीले मिलेर काम गर्दै आएका छौँ । नेपाली राहदानी, मन्जुरनामा पत्र, एनआरएनए कार्ड लगायतका सेवा प्रदायक काममा नेपाली राजदूतावासले गैर आवासीय नेपाली सङ्घ अमेरिकासँग मिलेर विभिन्न राज्यमा गएर काम गर्ने गरेको छ। यसबाट थुप्रै नेपालीहरू लाभान्वित हुनु भएको छ ।

# ४. नेपाल सरकार, नेपाली राजदूतावास र एनआरएनए अमेरिका

## ख) आर्थिक लगानी, ज्ञान सिप र अनुभव नेपालसँग जोड्ने

- नेपाल भन्दा बाहिर रहेको कुल दक्ष जनशक्तिमा ६० प्रतिशत दक्ष नेपालीहरू अमेरिकामा रहेको अनुमान छ । यस कारण पनि यो विधा एनआरएनए अमेरिकाका लागि निक्कै महत्त्वको छ । यसलाई बुझेर नै हुनसक्छ , एनआरएनए अमेरिकाको स्किल ट्रान्स्फर र नेपालमा गैर आवासीय नेपालीहरूको लगानी बढाउने अभियानमा नेपाली राजदूतावासले जोडिएर काम गर्न वा सहजिकरणको भूमिकामा बस्न इच्छा देखाएको छ ।

# ४. नेपाल सरकार, नेपाली राजदूतावास र एनआरएनए अमेरिका

## ख) आर्थिक लगानी, ज्ञान सिप र अनुभव नेपालसँग जोड्ने

- यो हाम्रा लागि गर्वको कुरा हो । गत महिना वासिङ्टन डी सी स्थित  नेपाली राजदूतावासको सभा हलमा गत जनवरी ६ तारिख २०२२ मा दूतावासका अधिकारी र एनआरएनए अमेरिकाका पदाधिकारीहरू बिच नेपालमा आर्थिक लगानी बढाउने विषयमा घनिभूत छलफल भएको छ । नेपाली राजदूतावास गैर आवासीय नेपालीहरूको लगानी नेपालमा बढाउनु पर्छ भन्ने पक्षमा खुलेर आएको छ ।  नीतिगत रूपमा गर्नु पर्ने सुधारहरूका लागि हामीले बहस गरेका छौँ ।

# ४. नेपाल सरकार, नेपाली राजदूतावास र एनआरएनए अमेरिका

## ग) नेपालमा डलर खाता खोल्न सहज  गराउने प्रयास

– गैर आवासीय नेपालीहरूलाई नेपालमा डलर खाता खोल्न सहज गराउन गैर आवासीय नेपाली सङ्घ अमेरिकाले पहल गरिरहेको छ । व्यक्तिगत र संस्थागत रूपमा हामीले नेपाल सरकारका सरोकारवाला निकायसँग पहल गरिरहेका छौँ । गैर आवासीय नेपालीहरूलाई आकर्षित गर्न नेपाल सरकार नीतिगत रूपमा परिवर्तन गर्दै अगाडि बढेको छ । नेपालमा डलर खाता खोल्न १० हजार डलरको सिमालाई हटाएर ५ हजार डलरमा झारिएको छ । डलर खाता खोल्न १ हजार डलर त्यसमा  अझै केही सुधार गर्नु पर्ने छ ।

# ४. नेपाल सरकार, नेपाली राजदूतावास र एनआरएनए अमेरिका

## घ) अर्थमन्त्री, अर्थ सचिव र नेपाल राष्ट्र बैङ्कका गभर्नर सकारात्मक

जनवरी १० तारिख २०२२ मा गैर आवासीय नेपाली सङ्घ अमेरिका, बेलायत र अस्ट्रेलिया लगाएतका ९ ओटा एनसीसीहरु को संयुक्त पहलमा अर्थ मन्त्री जनार्दन शर्मा, अर्थ सचिव मधु मरासिनी, नेपाल राष्ट्र बैङ्कका गभर्नर महा प्रसाद अधिकारी सँग डलर खाता सञ्चालन र आर्थिक लगानीका विषयमा छलफल गऱ्यौ । डलर खाता खोल्न चाहिने डकुमेन्ट सहज गर्ने, खाता सञ्चालन गर्न ५००० डलरबाट १००० डलरमा ल्याउने, सन्चितिमा ब्याजदर, कारोबार सहज गर्ने  लगायत धेरै पक्षमा सुधार गर्न उहाँहरू सकारात्मक हुनु भएको छ । यो सँग जोडिएका धेरै विषयमा मैले उठान गरेका पक्षहरूलाई सकारात्मक रूपमा लिंदै अर्थमन्त्री, सचिव र गभर्नरले संवोधन गर्नु भयो । म आसावादी छु नेपाल सरकारको तर्फबाट गैर आवासीय नेपालीहरूलाई नेपालमा डलर खाता खोल्न नीतिगत रूपमा सुधार हुने छ ।

# ४. नेपाल सरकार, नेपाली राजदूतावास र एनआरएनए अमेरिका

### ङ) दोहोरो कर प्रणालीको अन्त गर्न प्रयास

-नेपाल सरकारले अमेरिकी सरकारसँग दोहोरो कर प्रणालीको अन्तका लागि ठोस पहल गरेको देखिएन । नेपालमा लगानी गर्न यो समस्यालाई संवोधन गर्नै पर्छ । साथै लगानीको दायरालाई पनि बढाउनु पर्छ । अर्थ मन्त्री जनार्दन शर्मा, अर्थ सचिव मधु मरासिनी, नेपाल राष्ट्र बैङ्कका गभर्नर महा प्रसाद अधिकारीसँग मैले यो कुरा राखेको छु । उहाँहरूले सकारात्मक रूपमा लिनु भएको छ । यसलाई गति दिन हामीले शक्तिशाली कमिटी बनाएर काम गर्नु पर्छ ।

# ४. नेपाल सरकार, नेपाली राजदूतावास र एनआरएनए अमेरिका

## च) भिसा शुल्क हटाउन पहल

– नेपालमा जन्मिएका तर काम र व्यवसायको सिलसिलामा विदेशी नागरिकता लिएकाहरूलाई नेपाल जाँदा भिसा शुल्क नलिँदा देशसँगको आत्मीयता अझ बढ्छ । अरू देशले पनि यस्तो अभ्यास गरेका छन् । हामीले गृह मन्त्री, गृह सचिव, परराष्ट्र मन्त्री र सरोकारवाला निकायलाई यो विषय अवगत गराएका छौँ । उहाँहरूबाट सकारात्मक जवाफ पाएका छौँ ।

# ४. नेपाल सरकार, नेपाली राजदूतावास र एनआरएनए अमेरिका

### छ) एमसीसीबारे बृहत् छलफल

सर्वाधिक चासो र चर्चाको विषय रहेको एमसीसीका  सन्दर्भमा गैर आवासीय नेपाली सङ्घ अमेरिकाले दुईवटा बहस कार्यक्रम सम्पन्न गरेको छ । विषय विज्ञ, कानुनी परामर्षदाताहरु, सरोकार राख्ने पक्ष र समाजका अगुवाहरूलाई एउटै मञ्चमा ल्याएर यो विषयमा छलफल गराई सबैलाई प्रस्ट गराउन प्रयास गरेका छौँ । सुरुमा हामी यो विषयमा बहस गराउँदा संस्था विवादित हुने हो की भनेर डराएका थियौँ । तर बहस कार्यक्रम पछि सकारात्मक तरङ्ग आयो । कार्यक्रमको धेरैले प्रशंसा गर्नु भयो ।  उपाध्यक्ष गोपेन्द्र भट्टराई जीले दुवै बहस कार्यक्रमको नेतृत्व गरेर सञ्चालन गर्नु भयो । गोपेन्द्रजी रचनात्मक र सकारात्मक प्रभाव पार्ने  कार्यक्रमहरू अझै अगाडि बढाउनुस् सिङ्गो कार्यसमिति तपाइको साथमा छ ।

# ४. नेपाल सरकार, नेपाली राजदूतावास र एनआरएनए अमेरिका

## ज) स्वास्थ्य चेतना मूलक कार्यक्रम

कोरोनाको महामारी अहिले पनि ब्याप्त छ । कोरोना भाइरस स्वास्थ्य समस्या मात्र होइन विश्वभर कै आर्थिक र राजनीतिक बहसको विषय भएको छ । यसको रोकथाम र क्षति न्यूनीकरणका लागि भ्याक्सिनको प्रयोग भइरहेको छ । विकसित औषधि उपचार र जोखिमको विषयमा गैर आवासीय नेपाली सङ्घ अमेरिकाले बहस कार्यक्रम सञ्चालन गरेको छ । उपाध्यक्ष दिलु पराजुली जीले आफैले यो कार्यक्रम सञ्चालन गर्नु भएको थियो । दिलु जीले ब्लड डोनेसन सम्बन्धी कार्यक्रम पनि सञ्चालन गर्नु भयो ।   यस्ता कार्यक्रमबाट समुदायलाई जागृत गराउन र महामारीबाट सतर्क रहन सहयोग पुर्याउछ । दिलुजी समुदायको हितका लागि अझै रचनात्मक कार्यक्रम सञ्चालन गर्नुहोला सिङ्गो कार्यसमिति यहाँको साथमा छ ।

# ४. नेपाल सरकार, नेपाली राजदूतावास र एनआरएनए अमेरिका

## झ) विद्यार्थी र भिजिट भिसामा अमेरिका आउने  नेपालीलाई सहयोग गर्ने प्रयास

गैर आवासीय नेपाली सङ्घ अमेरिकाको युवा विभाग हेर्ने उपाध्यक्ष, सुमन थापा महासचिव अन्जन चौलागाई, सचिव अनुप खनाल प्रवक्ता तोया दाहाल, युवा संयोजक त्रिभुवन पाण्डे र म आफै उपस्थित भएर काठमांडौं स्थित अमेरिकी राजदूतावासको यूथ काउन्सिलका प्रतिनिधिसँग छलफल गरेका छौ । दूतावासले भिसा प्रदान गर्दा गैर आवासीय नेपाली सङ्घ अमेरिकाको हेल्प डेस्कको फोन नम्बर भएको जानकारी मूलक र सहयोगी पर्चा दिएमा अमेरिका आउने नेपाली विद्यार्थी र आगन्तुकलाई अप्ठ्यारो पर्दा सहयोग गर्न सजिलो हुने जानकारी गराएका छौँ । दूतावासका प्रतिनिधिले यसलाई यसलाई सकारात्मक रूपमा लिनु भएको ।

# ५. सङ्घ संस्थाहरूसँग सहकार्य

**क) अमेरिकामा स्थानीय सङ्घ संस्थाले आयोजना गरेको नर्थ अमेरिका नेपाल सुन्दरी प्रतियोगितालाई पनि हामीले सहयोग गरेका छौँ ।**



# ५. सङ्घ संस्थाहरूसँग सहकार्य

**ख) रूप स्मृति प्रतिष्ठानलाई ५ हजार**

– भारोत्तोलन प्रतियोगितामा दुई पटक विश्व विजेता बनेका गोल्ड मेडल प्राप्त गर्नु भएका रूप कार्कीको स्मृतिमा गैर आवासीय नेपाली सङ्घ अमेरिकाले  रूप स्मृति प्रतिष्ठान ५ हजार डलर सहयोग गरेको छ । साथै उनको स्मृतिमा अमेरिका भित्र राष्ट्रिय खेलकुद आयोजना गर्ने हाम्रो लक्ष रहेको छ ।

# ५. सङ्घ संस्थाहरूसँग सहकार्य

### ग) जनजाति दिवसको उपलक्षमा उपस्थिति र सहयोग

– विश्व जनजाति दिवसको उपलक्षमा अमेरिकामा जनजाति महासङ्घले आयोजना गरको कार्यक्रममा गैर आवासीय नेपाली सङ्घ अमेरिकाको तर्फबाट मैले आर्थिक र भौतिक रूपमा सहयोग गरेको छु ।



# ५. सङ्घ संस्थाहरूसँग सहकार्य

घ) पत्रकारलाई २००० डलरको लेखन वृत्ति

– गैर आवासीय नेपाली सङ्घ अमेरिकाले नेपाल अमेरिका पत्रकार सङ्घ नेजासँग सहकार्य गरी दुई वर्षमा एक पटक  पत्रकारलाई लेखन वृत्ति प्रधान गर्ने मैले सार्वजनिक गरिसकेको छु । लेखन वृत्ति प्रधान गर्ने सम्बन्धमा गैर आवासीय नेपाली सङ्घ अमेरिकाको मिडिया कमिटीले कार्यविधि बनाउने छ । आगामी वार्षिक साधारण सभामा पत्रकारलाई लेखन वृत्ति प्रधान गरिने छ ।  हामी पत्रकारका अरू पनि सङ्घ संस्थासँग मिलेर काम गर्ने छौँ ।

# ६. एनआइसीसँग सहकार्य

– महावीर पुनले नेतृत्व गर्नु भएको नेपाल इनोभेसन सेन्टरका केही कार्यक्रममा सहकार्य गर्न गैर आवासीय नेपाली सङ्घ अमेरिका तयार छ । नेपालमा नै आविष्कार र प्रयोग गर्न सकिने कतिपय क्षेत्रमा हामीले साथ दिन पर्छ भन्ने हाम्रो मान्यता हो ।



# ७. एनआरएनए अमेरिकालाई मुद्दा मामलाबाट बाहिर निकाल्न सफल

## क) टेबलबाटै समस्याको समाधान

– गैर आवासीय नेपाली सङ्घ अमेरिका सधैँ मुद्दा मामलामा अल्झिएको छ । रचनात्मक काममा भन्दा पनि झगडामा पैसा खर्च गरेको छ, भन्ने गुनासो र दुखेसो सर्वत्र थियो । त्यसबाट संस्थालाई बाहिर निकाल्ने मेरो सोच र चाहाना हो । विभिन्न चरणमा मुद्धारत पक्ष सूर्य लम्साल जीसँग वार्ता भयो । अदालतबाट भन्दा टेबलबाटै समस्याको समाधान गरौँ भनेर मैले गरेको आग्रहमा सूर्य साल लम्साल जी सकारात्मक हुनु भयो । हामीले गैर आवासीय नेपाली सङ्घ अमेरिकालाई मुद्दा मामलाबाट बाहिर निकाल्न सफल भयौँ ।

# ७. एनआरएनए अमेरिकालाई मुद्दा मामलाबाट बाहिर निकाल्न सफल

## ख) मुद्धाले थपेको आर्थिक भारबाट मुक्त

– सूर्य लम्सालजीको मुद्दा विरुद्ध कानुनी परामर्श र अदालती प्रक्रियामा संस्थाले निक्कै ठुलो धनराशि खर्च गरिसकेको थियो । यो निक्कै ठुलो ब्यायभार हो । मुद्दा लम्बिँदै जाँदा यो खर्च अझ बढेर जाने अवस्था थियो । मुद्दा मामलामा खर्च भइरहेको ठुलो धनराशि जोगिएको छ । मेरो नेतृत्वको कार्यसमितिले गरेको यो प्रयास र सफलतालाई एउटा उपलब्धिको रूपमा लिनु पर्छ । गैर आवासीय नेपाली सङ्घ अमेरिका भित्र अव मुद्दा मामला हुने परिवेश नै निर्माण नहोस् भनेर हामी पारदर्शी भएर काम गर्न अठोट गरौँ ।

# ८. गैर आवासीय नेपाली सङ्घ अमेरिकालाई झोलाबाट अव आफ्नै कार्यालयमा

– गैर आवासीय नेपाली सङ्घ अमेरिकाको नेतृत्व लिएपछिको मेरो प्राथमिक प्रतिबद्धता भनेकै संस्थाको आफ्नै कार्यालय भवन हुनु पर्छ भन्ने हो । म लगायत वरिष्ठ उपाध्यक्ष कृष्ण जीवि पन्त, उपाध्यक्षद्वय सुमन थापा र दिलु पराजुली, महासचिव अन्जन चौलागाई, सचिव अनुप खनाल, बोर्ड सदस्य डोल नाथ घिमिरे लगायतका पदाधिकारीहरू गएर भर्जिनिया र आसपासका क्षेत्रमा केही भवनहरू पनि हेर्‍यौ । न्यु योर्क लगायतका केही सम्भावित सहरहरूमा पनि हामीले भवन हेर्ने छौँ । छिटै नै एउटा भवन खरिद प्रक्रिया अगाडि बढाएर यही कार्यकालमा यो काम सम्पन्न गर्नु पर्छ ।

# ८. गैर आवासीय नेपाली सङ्घ अमेरिकालाई झोलाबाट अव आफ्नै कार्यालयमा

- सन् २०१५ देखि एनआरएनए अमेरिकाको भवन खरिद गर्ने भनेर समितिहरु बनेका छन् । कतिपय बैठकमा भवन खरिद प्रक्रिया अगाडि बढाउने भनेर निर्णय पनि भएका छन् । तर नतिजा अहिलेसम्म शून्य छ । यो कार्यसमितिले निर्णय कार्यान्वयन गरेर देखाउनु पर्ने अवस्थामा छ । अन्यथा सदस्यज्यूहरुले हामीलाई विश्वास गर्नुहुन्न । आम सदस्यको विश्वास जित्ने छौँ । आफ्नै कार्यालय भवनमा हामीले पाइला टेक्ने छौँ । सबैको प्रतिबद्धता, साथ र विश्वासले अधुरा कार्ययोजनाहरु यो कार्यसमितिले पुरा गर्न सक्छ मलाई विश्वास छ ।

# गैर आवासीय नेपाली सङ्घ अमेरिकालाई झोलाबाट अव आफ्नै कार्यालयमा



## प्रतिबद्धता,सहकार्य र सुझावको अपेक्षा सहित धन्यवाद

मिति: जनवरी २९–२०२२ , स्थान: फ्लोरिडा